माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

६१ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १: अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गरियो र उपलब्धि सन्तोषजनक पाइयो ।

निर्णय नं. २: पूर्वधार निर्माण तथा स्तरोन्नति परियोजनाबाट रिउ पुल नजिक (बनकट्टा) मा अस्थायी मचान (टहरो) तथा शौचालय निर्माण गर्ने ।

निर्णय नं. ३: नगर खेलकुद विकास समिति गठन र संचालन सम्वन्धि कार्यविधि,२०८२ स्वीकृत गर्ने।

निर्णय नं. ४: वडा न. ७ को साविक जनज्योति आ.वि .को परिसरमा खानेपानि ट्यांकी निर्माणको लागी अनुमति दिने ।

निर्णय नं. ५: विभिन्न वडामा रहेका सार्वजनिक तथा सामुदायिक भवनको दर रेट कायम गरी भाडा सम्बन्धी सूचना प्रकाशन गर्ने ।

निर्णय नं. ६: वडा न. ८ मा रेस्क्यु भवन निर्माणका लागि हाल जग्गा संरक्षण गर्ने कार्य अगाडि बढाउने ।

निर्णय नं. ७: चितवन राष्ट्रिय निकुन्ज भित्रको बाटो (बनकट्टा-देउराली) सम्म मर्मतमा ढुवानी भाडाको रकम (New S B Construction)लाई रु.८,२३,४३१।- (अक्षरेपी आठ लाख तेईस हजार चार सय एकतीस रुपैया) भुक्तानी गर्ने ।

निर्णय नं. ८: टोल विकास संस्थाहरु लाई आगाडी बढाउदै समय अबधि पुरा भएका टोल सुधार समितिलाई पुनर्गठनका लागि वडालाई पत्राचार गर्ने ।

निर्णय नं. ९: सि. अ. हे. व. अधिकृत श्री शिव प्रसाद सुवेदीको २०८२ माघ १ गते देखि लागु हुनेगरी १(एक) बर्षका लागि असाधारण विदा स्वीकृत गर्ने ।

निर्णय नं.१०: माडी नगरपालिका वडा .न ७ स्थित देवीकोट सामुदायिक भवन मर्मत तथा निर्माण वडा कार्यालयबाट सिफारिस गरिएकै स्थानमा गर्न बागमती प्रदेश पर्यटन विकास आयोजना मकवानपुरलाई अनुरोध गर्ने ।

निर्णय नं.११: पुष्पमदन अध्ययन केन्द्रको भवन निर्माण वडा कार्यालयबाट सिफारिस गरिएकै स्थानमा गर्न बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय नं.१२: विपद व्यवस्थापन र मर्मत संभार कोष मार्फतका तपशिल बमोजिमको योजनाहरुको भुक्तानी गर्ने ।

तपासिलः

क्र.सं.	योजनाको नाम	स्थान
१	ग्याबियन जाली माग र भर्ने काम	वडा नं.९ प्याउली
२	प्याउली जाने सडकमा ग्याबियन जाली माग र भर्ने काम	वडा नं.९ प्याउली
३	ग्याबियन जाली माग र भर्ने काम	वडा नं. ३ को सिमरा जाने वाटोमा
४	ग्याबियन जाली माग र भर्ने काम	वडा नं. २ को शहिद पार्क जाने सडकमा।
५	सडक मर्मत तथा स्तरोन्नति	वडा नं. ६ अंगेरी खोला हिमालचुली फर्म जाने सडक
६	सडक मर्मत तथा स्तरोन्नति	वडा नं . ७ बाउन्डोरी चोक देखि दिवानगर बर चोक सम्म
७	देबेन्द्रपुर स्थित पतरे खोला र ठुलो खोलाको संगममा ग्याबियन जालिद्वारा तटबन्धन	माडी नगरपलिका वडा नं. ७

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख